## प्रेस विज्ञप्ती

प्रधानमन्त्री तथा राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री शेरबहादुर देउवाको अध्यक्षतामा उक्त समितिको ४९ औं बैठक प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मिति २०७८/१२/१५ गते सम्पन्न भयो ।

विकास आयोजना तथा कार्यक्रमको प्रगति र आगामी दिनमा त्यसको प्रभावकारी कार्यान्वयन गरी लक्षित उद्देश्यहरू हासिल गर्न एवं कार्यान्वयनको क्रममा देखा परेका समस्या समाधानका लागि नीतिगत निर्णयहरू गर्नका लागि बस्ने उक्त बैठकमा माननीय मन्त्रीहरू, प्रदेश सरकारका माननीय मुख्यमन्त्रीहरू, माननीय राज्यमन्त्रीज्यूहरू, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, माननीय महालेखापरीक्षक, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका माननीय अध्यक्ष, प्रधानमन्त्रीका जनप्रशासन सल्लाहकार, नेपाल सरकारका मुख्य सचिव, आयोगका माननीय सदस्यहरू, नेपाल सरकारका सचिवहरू प्रदेशका प्रमुख सचिवहरू तथा अन्य विशिष्ट पदाधिकारीहरूको उपस्थिति रहेको थियो।

बैठकको शुरूवातमा राष्ट्रिय योजना आयोगका सचिव श्री केवल प्रसाद भण्डारीले स्वागत मन्तव्य तथा कार्यक्रमको विषयवस्तुवारे जानकारी गराउनु भएको थियो। वहाँले नेपालको समग्र विकासको लागि दीर्घकालीन सोच सहितको योजना तर्जुमा गर्ने, अध्ययन अनुसन्धानका आधारमा तथ्यपरक क्षेत्रगत नीति एवम् रणनीतिहरू तयार गरी विकासका कार्यक्रमलाई लक्षित दिशामा निर्देशित गर्न सघाउने, राष्ट्रिय गौरव एवं रुपान्तरणकारी आयोजना र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाको अनुगमन तथा मूल्याङ्कन गरी तथ्यमा आधारित पृष्ठपोषण उपलब्ध गराउने, विकास प्रकृयामा अनुभूत गरिएका वा सम्भावित समस्या एवम् व्यवधानको सहजीकरण गर्ने र नेपाल सरकारको विकास सल्लाहकारको भूमिका निर्वाह गर्नका लागि विशिष्टिकृत केन्द्रीय निकायको रूपमा विकास योजना तथा नीति तर्जुमामा सल्लाह दिने उपल्लो निकायको रुपमा राष्ट्रिय योजना आयोग रहेको तथा विकास नीति, योजना, कार्यक्रम तथा आयोजनाको प्रगती समीक्षा, समस्याको समाधान लगायत नीतिगत विषयको काम गर्नका लागि सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा नेपाल सरकारका मन्त्रीहरु, प्रदेशका मुख्यमन्त्रीहरु, मुख्य सचिव, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष सहित सदस्यहरु र सचिव सम्मिलित **राष्ट्रिय विकास समस्या समाधान समिति** नामक अनुगमन तथा मूल्याङ्कन सम्बन्धी एक सर्वोच्च संयन्त्रको व्यवस्था रहेको बताउनु भएको थियो।

उक्त कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षले आर्थिक वर्ष २०७७/७८ को वार्षिक एवं २०७८/७९ को अर्धवार्षीक अवधिको आर्थिक परिसूचक, खर्च र प्रगतिको समीक्षात्मक प्रस्तुति गर्नु भयो । उहाँले प्रस्तुतीकरणको क्रममा राष्ट्रिय विकास समस्या समाधान समितिको ४६,४७ र ४८ औं बैठकका निर्णयहरूको कार्यान्वयनको स्थिति, विषयगत मन्त्रालयहरू, प्रदेश सरकारको बजेट र खर्च प्रगति, बेरूजुको अवस्था र यस अवधिमा विकास आयोजना तथा योजना कार्यान्वयनमा देखिएका मुख्य मुख्या समस्याहरू र तिनको समाधानका सम्भावित उपायहरूको वारेमा उल्लेख गर्नु भएको थियो।

प्रस्तुतिको क्रममा उहाँले अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप वि.सं. २०८७ सम्ममा नेपालले दिगो विकास लक्ष्य हासिल गर्न विकासका सबै आयाममा कसैलाई पनि पछि नछोड्ने प्रतिबद्धता बमोजिम दिगो विकास लक्ष्यको संघ, प्रदेश र स्थानीय तहका विकास कार्यक्रममा आन्तरिकीकरण र स्थानीयकरणका कार्य भइरहेको वताउनु भयो। साथै विगतमा समान अवस्थामा रहेका राष्ट्रहरूको तुलनामा पछाडि परेकाले आर्थिक सामाजिक विकासमा छोटो अवधिमै फड्को मार्दै अगाडि बढ्नु आवश्यक रहेको उल्लेख गर्नु भयो। उहाँले कृषि र वनजन्य उत्पादनमा व्यावसायीकरण, उद्योग क्षेत्रको विस्तार र सेवा क्षेत्रको गुणस्तरीयता अभिवृद्धि गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्नु पनि उत्तिकै चुनौतीपूर्ण रहेको र स्वस्थ र शिक्षित नागरिक एवम् दक्ष मानव संशाधनको विकासद्वारा उत्पादनशील रोजगारीका अवसर अभिवृद्धि गरी जनसाङ्ख्यिक लाभको उपयोग गर्न र वित्तीय संघीयताको कुशल कार्यान्वयन गरी समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने कार्य समेत चुनौतीपूर्ण रहेको उल्लेख गर्नु भयो। विकास निर्माणलाई विपद् जोखिम न्यूनीकरण गर्दै उत्थानशीलता र जलवायु अनुकूलनशील वनाउन आवश्यक रहेको संघ, प्रदेश र स्थानीय तहका कार्य जिम्मेवारी पूरा गर्न साधन-स्रोतको लागत अनुमान, वितरण र जनशक्ति एवम् संस्थागत प्रबन्ध गर्ने कार्यहरू हुँदै आएको उल्लेख गर्नु भयो।

यसैगरी राष्ट्रिय योजना आयोगको तर्फवाट मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिको बैठक सम्बन्धित मन्त्रालयमा बसी सो बैठकबाट समाधान हुन सक्ने समस्याको निरूपण गर्ने प्रयास गरिएको र सो बैठकबाट निरूपण हुन नसकेका विषयहरू राष्ट्रिय विकास समस्या समाधान उपसमितिको बैठक

बसी मन्त्रालयगत वार्षिक र अर्धवार्षिक प्रगति तथा समस्याका विषयमा छलफल गरिएको उहाँले बैठकलाई जानकारी गराउनु भयो। यी छलफलबाट कतिपय विषयहरू मन्त्रालय आफैंले निर्णय गर्नुपर्ने र अन्य कतिपय मन्त्रिपरिषद्मा पेश गर्नुपर्ने प्रकृतिका विषयहरूलाई तदनुसार गर्न सुझाव दिइएको एवं समाधान हुन नसकेका बिषयहरू राष्ट्रिय समस्या समाधान समितिको बैठकमा प्रस्तुत गरी सो उपर समितिमा छलफल गरी समाधानका उपायहरु सुझाउन प्रस्तुत गरिएको व्यहोरा समेत उल्लेख गर्नु भएको थियो ।

उक्त कार्यक्रममा नगरपालिका संघ, जिल्ला समन्वय समिति महासंघ, मुख्य सचिव, राष्ट्रिय प्राकृतिक स्रो तथा वित्त आयोगका अध्यक्ष, महालेखा परिक्षक, मुख्यमन्त्रिहरू एवं अर्थमन्त्री लगायत मन्त्रीज्यूहरूले प्रस्तुत प्रस्तुति उपर आफ्नो धारणा राख्दै विकास आयोजनाहरूको कार्यान्वयनमा देखिएका समस्याहरू र समाधानका उपायहरू उल्लेख गर्नु भएको थियो।

कार्यक्रममा उठेका विषयवस्तु उपर राष्ट्रिय योजना आयोगका उपाध्यक्षले थप स्पष्ट पार्दै विकास आयोजनाहरूको कार्यान्वयनमा आयोगले निरन्तर सहजीकरण गर्ने र समस्या समाधानका लागि यथेष्ट प्रयत्न गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

प्रस्तुति एवं छलफलको अन्त्यमा सम्माननीय प्रधानमन्त्रीज्यूले देशको आर्थिक सम्बृद्धि र विकासका लागि तीनै तहका सरकारवीच समन्वय, सहकार्य र सहअस्तित्वको आधारमा अघि वढ्नु पर्ने र विकास आयोजनाहरूको कार्यान्वयनमा सरकारले जहिले पनि सहजीकरण गर्ने विश्वास दिलाउदै विगतका तथा यस राष्ट्रिय विकास समस्या समाधान समिति बैठकका निर्णयहरू कार्यान्वयनमा सबै पक्ष दत्तचित्त भई लाग्नु पर्नेमा जोड दिनु भयो।

मितिः २०७८/१२/१५

डा. दिल बहादुर गुरुङ
प्रवक्ता